स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यतिबेला संगीतकर्मीलाई टूरको भ्याइनभ्याइ छ। देश तथा विदेशमा धमाधम आयोजना भैरहेका कार्यक्रममा सहभागी हुन चलेका कलाकारलाई निकै चटारो देखिन्छ। कतिपय देशभित्र र कतिपय विदेशका कार्यक्रममा ब्यस्त हुँदैछन् र हुने क्रममा छन्। एलिना चौहान र शान्तिश्री परियारले त देश तथा विदेशका कार्यक्रमको तालिका नै सार्वजनिक गरे। यो मेसोमा थपिएकी छन् गायिका समीक्षा अधिकारी।

आजको विचार...



हिजो...
(दुई पेजमा)

नवीन अधिकारी



यम शेर्पा निर्देशित फिल्म हो, 'मिरमिरे'। दयाहाङ राई, प्रकाश सपूत र सिर्जना निङ्लेखुको मुख्य भूमिका रहेको फिल्म त्रिकोणात्मक प्रेम कथामा बनेको हो। माघ १ गतेबाट प्रदर्शनमा आउने तयारी रहेको फिल्म यतिबेला प्रचार प्रसारमा छ। फिल्मको थप प्रचारलाई अगाडि बढाउन निर्माण युनिटले फिल्मको शीर्ष गीत 'मिरमिरे भो' सार्वजनिक गरेको छ। जसमा फिल्मका कलाकार समेत रहेका प्रकाश सपुत र गायिका मेलिना राईको स्वर छ।

❒ वर्ष ३१ अंक १४७ ❒ २०८२ पुस ९ गते बुधबार 24 December 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विमान दुर्घटना पाँचको मृत्यु

(रासस/एएफपी)

**मेक्सिको सिटी,** पुस ८/अमेरिकी राज्य टेक्सासमा मेक्सिकन नौ - सेनाको चिकित्सा सामाग्री वोकेको विमान दुर्घटना ग्रस्त भए पछि कम्तिमा पाँच जनाको मृत्यु भएको सेनाले जनाएको छ । मानवीय अभियानमा रहेको विमानमा आठ जना यात्रुहरु सवार रहेको मेक्सिकोको सेना सचिवालयले एक विज्ञप्ति मार्फत जनाएको छ । सुरुवाती समयमा दुर्घटनामा दुई जनाको मृत्यु भएको रिपोर्ट गरिएकोमा हाल मृतकको सङ्ख्या बढेर पाँच जना पुगेको जनाइएको छ भने दुर्घटनाबाट दुई जना यात्रुहरु बाच्न सफल भएको जनाइएको छ । अमेरिकी तटरक्षकको खोजी प्रयासका बावजुद उक्त उडानमा रहेका एक जना व्यक्ति अझै बेपत्ता रहेको सचिवालयले जनाएको छ । विशेष चिकित्सा वहाक मिसनलाई मेक्सिकन फाउन्डेसनसँग समन्वय गरिएको थियो जसले गम्भीर जलेका बच्चाहरूको हेरचाह गर्दछ । फ्लाइट ट्र्याकिङ वेबसाइट फ्लाइट रडारका अनुसार विमानले मेक्सिकोको युकाटन राज्यको मेरिडाबाट उडान भरेको थियो भने अन्तिम पटक स्कोल्स अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको ग्यालभेस्टन खाडीमा पुगेको जानकारी रेकर्ड गरिएको थियो ।

# बुटवल-गोरुसिङ्गे सडक आयोजना : नदीजन्य सामग्री अभावले काम प्रभावित

भरत केसी/रासस

**लुम्बिनी,** पुस ८/पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-गोरुसिङ्गे सडकखण्डको स्तरोन्नति आयोजनाका लागि नदीजन्य सामग्रीको अभाव हुँदा काम प्रभावित भएको छ । राष्ट्रिय राजमार्ग विस्तार गर्ने आयोजना अघि बढेको एक वर्ष हुन लाग्दा आवश्यक नदीजन्य सामग्री र माटोको अभाव देखिएको हो ।

संरचना निर्माणका कामले गति लिए पनि नदीजन्य सामग्री अभाव हुँदा काम प्रभावित भएको छ । आयोजनाका लागि करिब ३० लाख घनमिटर नदीजन्य सामग्री आवश्यक रहेकामा हालसम्म करिब पाँच लाख ८० हजार घनमिटर मात्रै प्राप्त भएको आयोजना कार्यालयले जनाएको छ । बुटवलदेखि कपिलवस्तुको बेल नदीसम्म करिब ५० किलोमिटर सडकलाई दुई भागमा विभाजन गरी



निर्माण भइरहेको छ । आवश्यक नदीजन्य सामग्रीका लागि स्रोतको खोजी भइरहेको निर्माण कम्पनीका इन्जिनियर राजकुमार श्रेष्ठले जानकारी दिए । उनले यसक्षेत्रका स्थानीय तहहरुलाई सम्भावित स्रोतको खोजी गर्न सहयोगको अनुरोध गरे ।

**बुटवल-कोठी नदी खण्ड**

बुटवलदेखि रुपन्देहीको सैनामैना सालझण्डीदेखि कपिलवस्तुको सीमावर्ती क्षेत्र कोठी नदीसम्म पहिलो भागको रुपमा सडक विस्तार भइरहेको छ । यो खण्डमा मात्रै आठ लाख ७१ हजार घनमिटर नदीजन्य सामग्री आवश्यक पर्ने इन्जिनियर श्रेष्ठले बताए । हालसम्म यहाँ जम्मा ६३ हजार घन मिटर मात्रै सैनामैना नगरपालिकाको पहलमा प्राप्त भएको छ । अरु सामग्रीका लागि बुटवल उपमहानगरलगायतसँग आग्रह गरे पनि सुनिश्चित हुन सकेको छैन । यही खण्डमा माटो भर्नका लागि आवश्यक आठ लाख ७९ हजार घन मिटर माटोमध्ये हालसम्म २७ हजार घन मिटर मात्रै सङ्कलन भएको छ । हालै पाल्पाको तिनाउ गाउँपालिकासँग एक लाख घन मिटर माटो उत्खनन् गर्ने सम्झौता भएपछि केही सहज भएको आयोजनाका साइट इन्जिनियर अशोक पौडेलले बताए । यही खण्डको चार किलोमिटर क्षेत्रमा माटो भर्ने काम भइरहेको छ ।

-बाँकी अन्तिम पेजमा...

## निर्वाचनमा सहभागी बनौं।

-आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
-निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
-मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
-स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने ।
-जनताप्रति उत्तरदायी र जवाफदेही सरकार को निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लुम्बिनी मेडिकल कलेजमा नयाँ व्यवस्थापन, अस्पतालको अधिकतम शेयर किनबेच

**पाल्पा,** पुस ८/लुम्बिनी मेडिकल कलेज एण्ड शिक्षण अस्पताल लिमिटेड (एलएमसी) तानसेनमा व्यवस्थापन परिवर्तन गरिएको छ । अस्पतालको बीसौं वार्षिक साधारण सभाबाट व्यवस्थापन परिवर्तन भएको हो ।

साधारण सभाबाट अस्पतालको अधिकतम शेयर किनबेच भएसँगै नयाँ सञ्चालक समितिले जिम्मेवारी लिएको छ । सभाको निर्वाचनको प्रक्रियाबाट नयाँ व्यवस्थापन समितिको अध्यक्षमा दिनेश सिलवाल ,प्रबन्ध निर्देशकमा डा. बलभद्र अधिकारी, निर्देशकहरु निर्दोष खनाल, दिवेश लोहनी, गोविन्द गौतम उपाध्याय रहेका छन् । १३५ जना सेयर होल्डर रहेको कलेजका प्रमुख संस्थापक गोपाल पोखरेलसहितको समूहको स्वामित्वमा रहेको ६७ प्रतिशत सेयर किनेर व्यवसायी सिलवालले कलेजको बहुमत स्वामित्व लिएका हुन् । अध्यक्ष सिलवाल नेपालको प्रतिष्ठित आईटी कम्पनी 'कोडावतार'का अध्यक्ष हुन् । उनले आफ्नो कम्पनी मायाहोल्ड प्राइभेट




लिमिटेडमार्फत लुम्बिनीको सेयर खरिद गरेका हुन् । मेडिकल कलेजका संस्थापकसमेत रहेका निवर्तमान अध्यक्ष गोपाल पोखरेलले आफूहरुले अधिकतम सेयर बेचेर मेडिकल कलेजबाट बाहिरिएको जानकारी दिए । उनले २० वर्षसम्म मेडिकल कलेजको नेतृत्व गर्दै आएका थिए । अस्पतालले दैनिक ५०० जनालाई ओपीडी सेवा दिने गरेको छ भने ३०० शैया अकुपेन्सी छ । एक हजार बढी विद्यार्थीलाई ग्राजुयट गरिसकेको कलेज वि.सं. २०६२ सालमा स्थापना भएको थियो । काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा अहिले पोष्ट ग्राजुयसन, एमबीबीएस, र बीएस्सी नर्सिङ शैक्षिक कार्यक्रम सञ्चालनमा रहेका छन् । कलेजले स्वदेशी तथा विदेशीहरुलाई उच्च गुणस्तरको चिकित्सा शिक्षा प्रदान गर्दै आएको छ । वि.सं. ०७७ सालमा पोखरेलको समूहले देवदह मेडिकल कलेजको बहुमत सेयर किनेको थियो । देवदहको सेयर किनेसँगै पोखरेल अब उतै केन्द्रीत हुने भएका छन् । झण्डै २० वर्ष लामो चिकित्सा शिक्षाको विरासत बोकेको लुम्बिनी मेडिकल कलेज ३११ रोपनीमा क्षेत्रफलमा फैलिएको छ । नयाँ व्यवस्थापनले यस कलेजलाई स्थापना कालदेखि वर्तमान अवस्था सम्म ल्याइपुऱ्याउन महत्व पूर्ण योगदान पुऱ्याउने संस्थापक अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु एवं विद्यार्थी, अभिभावक, सरकारी तथा गैरसरकारी संस्थाहरु, राजनैतिक दलहरु, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मीहरु, शुभचिन्तकहरु, बुद्धिजीवीवर्ग, प्राध्यापक, चिकित्सक, शैक्षिक, प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु र प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने प्रति हार्दिक कृतज्ञता ज्ञापन गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# सरकारका सय दिन

जेनजी आन्दोलनबाट गठित वर्तमान सरकारको सय दिन पुरा भएको छ । यो अवधिलाई हनिमुन पिरियड अर्थात् मधुमासका रूपमा लिने प्रचलन छ । यो सरकारले खासै रचनात्मक काम केही गर्न सकेन । सक्ने अवस्था पनि थिएन । यो सरकार बन्दा पनि यसले पूर्ववर्ती सरकारले गर्न नसकेका काम गर्ला भन्ने अपेक्षा कसैले गरेका होइनन् । नभन्दै सरकारले खासै केही गर्न सकेको पाइएन । राजनीतिक दलहरु अहिले बाहिर छन् । यस सरकारलाई कुनै पनि प्रकारको सहयोग कतैबाट हुन सकेको छैन । गर्छु भन्ने इच्छाशक्ति प्रधानमन्त्रीमा होला तर त्यसलाई कार्यान्वयन गर्न त्यति सजिलो अवस्था छैन । यो सरकारको मुख्य जिम्मेवारी प्रतिनिधिसभाको निर्वाचन गराउनु र निर्वाचित सरकारलाई सत्ता सुम्पिनु रहेको थियो तर यो कार्यकारी सरकारका शैलीमा प्रस्तुत हुन पुग्दा अधिकांस निर्णयहरु विवादित बन्न पुगे । विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाउने निर्णय, राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय, भूमि आयोग र जिल्ला संरचना खारेज गर्ने निर्णय विवादित भयो नै, सर्वोच्च अदालतले सरकारको निर्णय उल्टाइदियो । त्यस्तै, डोल्मा इम्प्याक्ट फन्डलाई पुँजीगत लाभकर छुट दिने निर्णयको समेत आलोचना भयो । सर्वोच्चको अन्तरिम आदेशलाई अनदेखा गर्दै हेटौंडा सडकछेउको बस्तीमा डोजर चलाइयो । यस्ता काम निर्वाचनसँग सम्बन्धित होइनन् ।

अन्तरिम सरकारले समेत नगरी नहुने अति महत्वको काम पनि होइनन् । तर, सरकारले त्यसतर्फ पनि रुचि राख्दा आलोचना खेप्नुपर्‍यो । सरकार गठन भएको सय दिन नाघिसक्दासमेत सम्पत्ति विवरण सार्वजनिक गरिएको छैन । यस्ता विषयले सरकारको आलोचना बढाएका छन् । यद्यपी निर्वाचनबाट आएको नियमित सरकारका लागि समेत सबै क्षेत्रमा नतिजा दिन पर्याप्त नहुने समयमा अनेकौं सीमितता रहेको वर्तमान सरकारले नतिजा दिन सकेन भनेर आलोचना गर्नु वाञ्छनीय हुँदैन । मुख्य कुरा यस सरकारको आमनिर्वाचन गराउनु प्रमुख दायित्व हो । तर अहिले हुने आमनिर्वाचनप्रति खासै भरोसा र विश्वास हुन सकिरहेको छैन किनभने त्यो वातावरण सरकारले बनाउनुपर्ने हो बनाउन सकिरहेको छैन । आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको आमनिर्वाचन हुनेमा संशय नै छ । कसैले चुनाव सर्छ भनेका छन् भने कसैले चुनाव हुँदैहुँदैन भन्ने अनुमान गरेका छन् । प्रधानमन्त्रीले जसरी पनि चुनाव गराउने प्रतिबद्धता व्यक्त गरेकी छन् । यसलाई सकरात्मक रुपमै लिनुपर्छ । तसर्थ निर्धारित समयमै निर्वाचन गर्नुको विकल्प नभएकाले सरकारले निर्वाचनकै लागि यथाशक्य बढी मिहिनेत गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### Opinion @ Socia Network

आफ्नो आत्मालाई मन्दिर बनाउनुहोस्
भगवान चित्रमा होइन चरित्रमा बस्नुहुन्छ ।
*(यम खाम्चाको फेसबुक स्टाटसबाट www.facebook.com/Yam.Khamcha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हिजो श्रमिक बेचिन्थे, आज विद्यार्थी बेचिँदै छन्



नवीन अधिकारी

*असाधारण शैक्षिक उपलब्धि, अनुसन्धान क्षमता, अन्तर्राष्ट्रिय स्तरको शैक्षणिक दृष्टि र उच्चस्तरीय सिफारिस पनि चाहिन्छ । यसको अभावमा संस्थाहरूमा प्रवेश पाउनु लगभग असम्भव मानिन्छ । तर नेपालका धेरै कन्सल्टेन्सीले यो यथार्थ विद्यार्थीलाई स्पष्ट रूपमा बताउँदैनन् । बरु 'सबै मिलाइ दिन्छौँ', 'हामीसँग विश्वविद्यालयको प्रत्यक्ष सम्पर्क छ', 'छात्रवृत्ति पक्का' जस्ता आश्वासन बाँड्छन् । यहीँबाट सुरु हुन्छ– अध्ययन प्रक्रिया होइन, डिल प्रक्रिया । धेरै कन्सल्टेन्सीहरूका लागि विद्यार्थी ज्ञान खोज्ने व्यक्ति होइन, कमिसन दिने 'फाइल' मात्र हुन् । विद्यार्थीको रुचि, क्षमता र दीर्घकालीन लक्ष्य भन्दा पनि कुन देशको विश्वविद्यालयमा अस्वीकृत हुने सम्भावना कम छ, कुन विश्वविद्यालयले एजेन्टलाई पैसा दिन्छ, कुन भिसा छिटो लाग्छ आदि कुरामा विद्यार्थी अल्झिन पुग्छ । मोलमोलाइ यहीँबाट सुरु हुन्छ । यसरी विद्यार्थीको भविष्य एउटा व्यापारिक समीकरणमा सीमित हुन जान्छ । खोज गर्दा देखिन्छ– विद्यार्थीलाई प्रायः उनी आवेदन दिइरहेका विश्वविद्यालयको वास्तविक स्तर, अध्ययन हुने पाठ्यक्रमको अन्तर्राष्ट्रिय मान्यता वा भविष्यको रोजगारी सम्भावनाबारे स्पष्ट जानकारी नै दिइँदैन । किनभने यस्ता प्रश्नले शङ्का जन्माउँछन् र शङ्काले व्यापार बिगार्न सक्छ । त्यसैले सत्य भन्दा सजिलो सपना बेचिन्छ । यस व्यापारमा सबैभन्दा ठुलो हिस्सा आर्थिक शोषणको छ ।*

नेपालको इतिहास पल्टाउँदा हामीले उटा दोहोरिँदो चित्र देख्छौँ– मानिसलाई बस्तुका रूपमा बेच्ने र निर्यात गर्ने । कुनै समय यो देशबाट गोर्खाली सैनिक पठाइन्थे, पछि खाडी मुलुकतर्फ श्रमिकहरू धकेलिन थाले । आज त्यो क्रम रोकिएको छैन बरु त्यसको स्वरूप नै बदलिएको छ । अब शरीरको श्रम होइन, युवाको सपना र भविष्य निर्यात भइरहेको छ– अध्ययनको नाममा । काठमाडौँका गल्लीदेखि साना सहरका बजारसम्म 'एजुकेसन कन्सल्टेन्सी' का साइनबोर्डहरू सजिएका छन् । झिलिमिली अफिस, आकर्षक ब्रोसर, चम्किला वेबसाइट र सामाजिक सञ्जालमा गरिएका दाबी हेर्दा लाग्छ– यी कन्सल्टेन्सीहरू बगेर विश्वका कुनै पनि विश्वविद्यालय पुग्नु सम्भव छैन । अक्सफोर्ड, हार्वर्ड, क्याम्ब्रिज, एमआईटी जस्ता विश्वप्रसिद्ध विश्वविद्यालयका लोगो र नाम यति सजिलै प्रयोग गरिन्छ, मानौँ ती संस्थाहरू नेपालका गल्लीमै शाखा खोलेर बसेका हुन् । तर, यहाँ एउटा गम्भीर प्रश्न जन्मिन्छ– के साँच्चै हाम्रो जस्तो शैक्षिक, आर्थिक र संरचनागत रूपमा कमजोर देशको कुनै सानो कोठामा खोलिएको कन्सल्टेन्सीले विश्वका शीर्ष विश्वविद्यालयहरूमा विद्यार्थी पठाउने हैसियत राख्छ ? कि यी नामहरू केवल व्यापार बढाउने हतियार मात्र हुन् ? विश्वका उत्कृष्ट विश्वविद्यालयहरूमा पढ्न जानु केवल फारम भर्ने प्रक्रिया होइन । त्यहाँ विश्वभरिका उत्कृष्ट विद्यार्थीहरूबिच कठोर प्रतिस्पर्धा हुन्छ । असाधारण शैक्षिक उपलब्धि, अनुसन्धान क्षमता, अन्तर्राष्ट्रिय स्तरको शैक्षणिक दृष्टि र उच्चस्तरीय सिफारिस पनि चाहिन्छ । यसको अभावमा संस्थाहरूमा प्रवेश पाउनु लगभग असम्भव मानिन्छ । तर नेपालका धेरै कन्सल्टेन्सीले यो यथार्थ विद्यार्थीलाई स्पष्ट रूपमा बताउँदैनन् । बरु 'सबै मिलाइ दिन्छौँ', 'हामीसँग विश्वविद्यालयको प्रत्यक्ष सम्पर्क छ', 'छात्रवृत्ति पक्का' जस्ता आश्वासन बाँड्छन् । यहीँबाट सुरु हुन्छ– अध्ययन प्रक्रिया होइन, डिल प्रक्रिया । धेरै कन्सल्टेन्सीहरूका लागि विद्यार्थी ज्ञान खोज्ने व्यक्ति होइन, कमिसन दिने 'फाइल' मात्र हुन् । विद्यार्थीको रुचि, क्षमता र दीर्घकालीन लक्ष्य भन्दा पनि कुन देशको विश्वविद्यालयमा अस्वीकृत हुने सम्भावना कम छ, कुन विश्वविद्यालयले एजेन्टलाई पैसा दिन्छ, कुन भिसा छिटो लाग्छ आदि कुरामा विद्यार्थी अल्झिन पुग्छ । मोलमोलाइ यहीँबाट सुरु हुन्छ । यसरी विद्यार्थीको भविष्य एउटा व्यापारिक समीकरणमा सीमित हुन जान्छ । खोज गर्दा देखिन्छ– विद्यार्थीलाई प्राय: उनी आवेदन दिइरहेका विश्वविद्यालयको वास्तविक स्तर, अध्ययन हुने पाठ्यक्रमको अन्तर्राष्ट्रिय मान्यता वा भविष्यको रोजगारी सम्भावनाबारे स्पष्ट जानकारी नै दिइँदैन । किनभने यस्ता प्रश्नले शङ्का जन्माउँछन् र शङ्काले व्यापार बिगार्न सक्छ । त्यसैले सत्य भन्दा सजिलो सपना बेचिन्छ । यस व्यापारमा सबैभन्दा ठुलो हिस्सा आर्थिक शोषणको छ । अप्लिकेशन प्रोसेसिङ, डकुमेन्टेशन, अन्तर्वार्ता तयारी, भिजा सर्भिस र ट्रेनिङ शुल्क जस्ता शीर्षकमा विद्यार्थीबाट लाखौँ असुलिन्छ । विडम्बना के भने– यीमध्ये अधिकांश काम विद्यार्थी आफैँले गर्न सक्छन्, त्यो पनि नि:शुल्क वा न्यून खर्चमा । तर कन्सल्टेन्सीले यस्तो वातावरण बनाइदिन्छ कि उनीहरू बिना केही सम्भव छैन । यसरी शिक्षा होइन, निर्भरता बेचिन्छ । धेरै विद्यार्थीहरू हार्वर्ड, अक्सफोर्ड, एमआईटीको सपना बोकेर कन्सल्टेन्सीको ढोका ढकढक्याउँछन् । उनीहरूलाई आश्वासन दिइन्छ 'प्रयास गरौँ', 'सम्भावना छ', 'व्यक्ति प्रोफाइल हामी बनाइदिन्छौँ' आदि । तर अन्त्यमा ती विद्यार्थीहरू पुग्छन् न्यून र्‍याङ्किङ निजी विश्वविद्यालयमा वा केवल अन्तर्राष्ट्रिय विद्यार्थीबाट पैसा उठाउने संस्थामा । जब प्रश्न उठाइन्छ तब जवाफ दिइन्छ- 'तपाईंको प्रोफाइल कमजोर रहेछ' । तर त्यो सत्य पहिल्यै कहिल्यै भनिँदैन । यस सम्पूर्ण प्रक्रियामा राज्यको भूमिका झनै चिन्ताजनक छ । शिक्षा मन्त्रालय र सम्बन्धित निकायहरू कागजी अनुमति र प्रक्रियामा सीमित देखिन्छन् । कन्सल्टेन्सी खोल्न के कस्तो योग्यता चाहिन्छ, झूटो दाबी गरे के सजाय हुन्छ, विद्यार्थी ठगिए कहाँ जान्छ– यी प्रश्नहरूको स्पष्ट उत्तर छैन । नियमनको कमजोरीले शिक्षा क्षेत्रलाई खुला बजार बनाइदिएको छ, जहाँ नियम भन्दा दलाली बलियो छ । अभिभावक र समाज पनि अनजानमै यस व्यापारका साझेदार बन्दै गएका छन् । 'नेपालमा केही छैन', 'विदेश नगई भविष्य छैन' भन्ने मानसिकताले कन्सल्टेन्सीहरूलाई थप शक्ति थपिदिएको छ । विदेश अध्ययन आफैँमा गलत होइन, तर आम मानिसको सपनालाई बजारमा बेच्नु गम्भीर समस्या हो । निष्पक्ष रूपमा भन्नुपर्दा, सबै कन्सल्टेन्सी खराब छैनन् । केही संस्थाहरू इमानदारीपूर्वक मार्गदर्शन गर्छन्, विद्यार्थीलाई यथार्थ बुझाउँछन्, स्वयंलाई आवेदन भर्न सक्षम बनाउने पनि छन् । तर समस्या के हो भने– राम्रा र खराब छुट्ट्याउने संयन्त्र छैन । खराब कन्सल्टेन्सीले राम्रोको नाम पनि बदनाम गरिरहेको छ । यही सन्दर्भमा एउटा गम्भीर प्रश्न छ– के अध्ययनको नाममा भइरहेको यो प्रक्रिया नयाँ प्रकारको मानव बेचबिखन होइन ? जब विद्यार्थी वस्तु बन्छ, सपनाको मूल्य तोकिन्छ र भविष्यको व्यापार हुन्छ, तब यसलाई तपाईं के भन्नु हुन्छ ? हिजो श्रमका लागि श्रमिक बेचिन्थे आज विद्यार्थी बेचिँदै छन् । आज यसबारे बोलिएन भने, भोलि यो देशले शिक्षित युवा होइन, ठगिएका पुस्ता उत्पादन गर्नेछ । विद्यार्थी विदेश पढ्न जाँदै छन् कि अध्ययनको नाममा बेचिँदै छन् यो प्रश्न अब विद्यार्थीको मात्र होइन, नागरिक, समाज र राज्यको हो । ***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसरहरू फेलापर्नेछन्। प्रभावशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। | **तुला** : प्रभावशाली व्यक्तिसँग सम्पर्क बढ्नेछ। सामाजिक कार्यमा सहभागी भइएला। |
| **वृष** : धार्मिक क्रियाकलापहरूमा संलग्न भइएला। कानुनी पक्ष सबल रहनेछ। | **वृश्चिक** : अधिकार स्थापित गर्न सकिनेछ। राम्रो सम्बन्ध बनाउने समय रहेको छ। |
| **मिथुन** : कार्यक्षेत्रमा बल भन्दा बुद्धिले काम लिनुहोस् सफलता मिल्नेछ। बल रहनेछ। | **धनु** : बोलिको माध्यमले धेरैलाई प्रभावित पार्न सकिनेछ। रकम खर्च गर्नुपर्ला। |
| **कर्कट** : व्यवसायमा लाभ रहनेछ। आय आर्जनका नयाँ स्रोतहरू खुल्नेछन्। | **मकर** : लक्ष्य प्राप्ति गर्न सकिनेछ। समारोहमा सम्मानित स्थान प्राप्त होला। |
| **सिंह** : नयाँ लगानी वा पैसाको लेनदेन गर्दा शुभचिन्तकहरूको सहयोग लिनुहोला। | **कुम्भ** : कामको श्रेय अरूले लिन सक्छन् स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ। |
| **कन्या** : सन्तानको प्रगतिलाई लिएर मन प्रसन्न रहनेछ। आर्थिक पक्ष सबल रहनेछ। | **मीन** : रोकिएका कामहरू पुन: प्रारम्भ हुनेछन्। व्यवसायमा राम्रो फड्को मार्न सकिनेछ। |

## कला मनोरञ्जन

# ‘हिट मेसिन’ बनेकी अञ्जना



फिल्म सफलताको लोभ हरेक कलाकारमा हुन्छ । तर, यसको स्वाद कमैले चाख्न पाउँछन् । पछिल्लो समय फिल्म सफलताको सबैभन्दा बढी सुखभोग गर्ने अभिनेत्रीमा अञ्जना बराइलीको नाम अग्रस्थानमा आउँछ । अहिले उनी कीर्तिमानी अभिनेत्रीको रूपमा समेत परिचित छिन् । उनको मुख्य भूमिका रहेको पछिल्लो फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’ले बक्स अफिसमा इतिहास रचेको छ । चर्चित गीत ‘घुमी घुमी’बाट दर्शकमाझ चिनिएकी उनले फिल्म ‘महापुरुष’बाट डेब्युको अवसर पाएकी थिइन् । पहिलो फिल्मले नै व्यावसायिक सफलता हासिल गर्दा उनको करिअर एकैपटकमा उत्कर्षमा पुग्यो । यसपछि उनले अतिथि भूमिकामा काम गरेको दोस्रो फिल्म ‘चित्रा’ असफल भए पनि तेस्रो फिल्म ‘पूजार सार्की’ले सफलता हासिल गऱ्यो । यसले लगभग ८ करोड कमाएको छ । ‘पूजार सार्की’को सफलतामा रमाइरहँदा अञ्जनालाई चौथो फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’ले नसोचेको खुसी दियो । यो उनको करिअरको मात्र नभइ नेपाली फिल्मको इतिहासमा नै सबैभन्दा धेरै कमाउने फिल्म हो । यसपछि आएका उनका दुई फिल्म ‘डोरी’ र ‘महाभोज’ भने नराम्ररी डुबे । तर, उनलाई यी दुई फिल्मको असफलताले दिएको पीडा अर्को फिल्म ‘परान’ले भुलाइदिएको छ । गत कात्तिक १४ गते प्रदर्शन भएको यस फिल्मले शनिबार ५१ दिन पूरा गर्दै बक्स अफिसमा झन्डै १८ करोड कमाएको छ । योसँगै नेपाली फिल्मको इतिहासमा ‘परान’ सर्वाधिक कमाउने चौथो फिल्म बनेको छ । यसको सफलताले अञ्जनालाई अझ फाइदा पुगेको देखिन्छ । किनकि, उनको अभिनय ‘सारङ्गी’मा भन्दा बढी रूचाइएको छ । यसैले यतिबेला फिल्ममा उनको माग निकै बढेको छ । लगातार फिल्म सफल हुँदा उनले पारिश्रमिक पनि ह्वात्तै बढाएकी छन् । नयाँ फिल्म ‘परिवर्तन’मा २० लाख पारिश्रमिक लिएकी उनले ‘परान’को सफलतापछि २५ लाखसम्म डिमान्ड गर्न थालेको बताइन्छ । हुन त लगातार फिल्म चल्दा सुनभन्दा महंगो बन्ने र फिल्म चल्न छाडेपछि पित्तलभन्दा सस्तो बन्ने नेपाली कलाकारहरूको बानी नै छ । अब अञ्जनाको हकमा के हुन्छ, हेर्न बाँकी छ । ***-फिल्मी खबर डटकम***

# कार्यविधिप्रति चलचित्रकर्मी असन्तुष्ट




केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) द्वारा गत पुस २ गतेदेखि कार्यान्वयनमा ल्याइएको ‘चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८२’प्रति चलचित्रकर्मीले असन्तुष्टि जनाएका छन् । सो कार्यविधिको सातौँ बुँदामा उल्लेख भएको महोत्सवमा प्रदर्शन गरिने चलचित्रलाई समेत जाँच गर्नुपर्ने नियम प्रति उनीहरुले आपत्ति जनाएका हुन् । उक्त बुँदामा लेखिएको ‘समितिले चलचित्र जाँच गरी प्रदर्शन गर्न अधिकार प्रत्यायोजन गरेको अवस्थामा बाहेक समितिबाट जाँचपास भएका चलचित्र मात्र महोत्सवमा प्रदर्शन गर्न पाइनेछ’ प्रति असन्तुष्टि व्यक्त गर्दै चलचित्रकर्मीले यसलाई सच्याउनुपर्ने धारणा राखेका छन् । चलचित्र निर्देशक केपी पाठकले नयाँ कार्यविधिले अन्तरराष्ट्रिय चलचित्र महोत्सवलाई असर पुऱ्याउने बताए । उनले भने “महोत्सवमा सहभागी हुने चलचित्र विश्वभर जाँच पास हुँदैनन्, त्यो त सार्वजनिक प्रदर्शनका लागि लिइने इजाजत हो । यो प्रावधानले नेपालमा हुने अन्तरराष्ट्रिय चलचित्र महोत्सवलाई प्रत्यक्ष असर गर्छ ।” निर्देशक पाठकले यसबारे पुनर्विचार गर्नुपर्नेमा जोड दिए । चलचित्र निर्माता रामकृष्ण पोखरेलले चलचित्रको जाँचको सट्टा वर्गीकरण गर्ने नियम हुनुपर्ने बताए । “अधिकांश देशमा चलचित्रलाई जाँच गर्ने नाममा काट्नुको सट्टा वर्गीकरण गरिन्छ । उक्त चलचित्र हेर्न बन्देज गरिएको उमेर समूहमा निगरानी बढाइन्छ तर नेपालमा महोत्सवमा प्रदर्शन हुन् आउने चलचित्रलाई जाँच गर्ने नियम ल्याइएको छ । यसले दीर्घकालीन रुपमा घाटा नै गर्छ”, निर्माता पोखरेलले भने । जाँच समितिले चलचित्रकर्मीको सिर्जनशीलता बुझ्ने र प्रोत्साहन गर्ने हुनुपर्नेमा उनले जोड दिए । नयाँ कार्यविधिमा ‘चलचित्रसँग सम्बन्धित प्रचलित कानुनको पूर्ण पालना गर्दै’ स्वयंले जाँच गर्ने पद्दतिको विकास गर्ने (सेल्फ सेन्सरसिप) लाई प्रोत्साहन गर्ने कुरा पनि उल्लेख छ । तर, कार्यान्वयनमा आएको नयाँ कार्यविधिले चलचित्रकर्मीलाई प्रोत्साहन नगर्ने चलचित्र समीक्षक समाजका अध्यक्ष सामीप्यराज तिमल्सेनाले बताए । “हामीले चलचित्रलाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय महोत्सव निकै आवश्यक छ । त्यहाँ विश्वभरका चलचित्रकर्मी एकठाउँमा आएर आफ्नो देश चिनाउने सिर्जना प्रस्तुत गर्छन् । हामीले चलचित्र जाँचसम्बन्धी कानुन बनाउँदा अन्तरराष्ट्रिय अभ्यास पनि बुझ्नुपर्थ्यो । अहिलेको अवस्थामा चलचित्रकर्मीलाई प्रोत्साहन गर्ने कार्यविधि ल्याउनुपर्ने हो, तर चलचित्रकर्मीले नै असन्तुष्टि व्यक्त गरेकाले त्यसमा पूर्णविचार गर्नु नै उत्तम हो”, अध्यक्ष तिमल्सेनाले भने । नयाँ कार्यविधि कार्यान्वयनमा आएसँगै यसअघिको ‘चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८०’ खारेज गरिएको छ । ***-इहिमालय टाइम्स डटकम***

# करिअरमा कविताको निस्फिक्री उडान







डान्स रियालिटी शो ‘बुगीवुगी’को विजेता बनेसँगै कविता नेपालीको चर्चा चुलियो । यससँगै नृत्याङ्गनाको रूपमा उनको परिचय अझ फराकिलो भयो । अहिले उनी परिचयका फरक-फरक आयाम बनाउन सफल भएकी छन् । विश्वकै अग्लो शिखर सगरमाथाको चुचुरोमा झण्डा फहराउँदै हिमाल आरोहीको परिचय बनाउन सफल भइन् भने रियालिटी शोको जजको रूप पनि बनिन् । अब फेरि कविता परिचयमा अर्को फुर्को जोडिँदैछ अभिनेत्रीको । फिल्म ‘एक्लो’मार्फत उनी ठुलो पर्दामा छाउँदैछिन् । पुस १७ गतेबाट प्रदर्शनमा आउन लागेको नेपालकै पहिलो साइन्स फिक्सन भनिएको फिल्ममा उनी एरियल नामक कमान्डोको शक्तिशाली भूमिकामा देखिँदैछिन् । डान्सरको रूपमा ख्याति कमाएकी कवितालाई अभिनयमा आउनु कुनै नौलो कुरा त थिएन, तर योजनाबद्ध पनि थिएन । उनी आफूलाई ‘एक्सिडेन्टल एक्टर’ (अकस्मात् बनेकी अभिनेत्री) भन्न रुचाउँछिन् । फिल्म निर्देशक प्रदीप शाहीसँग उनको एउटा सानो एक्सन दृश्यका लागि कुरा भएको थियो । जब कविताले आृनो अडिसन क्लिप पठाइन्, उनको अभिनय र एक्सनको एक्सप्रेसनले निर्देशकको मन जित्यो । त्यसपछि निर्देशक शाहीले उनको रोल बढाउँदै मुख्य चरित्र बनाइदिए । ‘फिल्मका लागि मेरो सुरुमा सानो रोलका लागि कुरा भएको थियो,’ कविता सुनाउँछिन्, ‘तर अडिसनपछि मेरो क्यारेक्टर स्ट्रङ बन्दै गयो ।’ आफ्नो पात्र बलियो बनेपछि यसलाई अभिनयमा डेब्युको रूपमा रोजेको उनी बताउँछिन् । ‘उद्योगमा डेब्यु फिल्म कलाकारका लागि एकदमै महत्त्वपूर्ण छ भनेर सुन्दै आएको थिएँ । प्राय: फिल्ममा हिरोलाई मात्र फोकस गरिन्छ, हिरोइनलाई खासै हुँदैन,’ कविता भन्छिन्, ‘डेब्यु गराएपनि राम्रो क्यारेक्टर र स्ट्रङ क्यारेक्टर दिँदैनन् ।’ फिल्ममा आफ्नो पात्र ‘स्ट्रोङ वुमन’को रहेको उनी सुनाउँछिन् । एरियल नामक कमाण्डो जो दुस्मनसँग लड्न बन्दुक बोकेर फाइट गर्छिन् । फिल्ममा अभिनय त गरिन्, अब दर्शकमाझ आउँदा मुटुको ढुकढुकी कति बढेको छ त कविताको ? ‘मान्छेहरू भन्छन् पहिलो फिल्म फ्लप भयो भने करिअर सकिन्छ । त्यसैले अलि धेरै नै डर लागिरहेको छ’, उनी भन्छिन्, ‘फिल्मले कस्तो पैसा उठाउला, कतिको मार्केट होला त्यो थाहै छैन । एकदमै कन्फ्युजन छ ।’ फिल्मको मेकिङ, टेक्निकल पार्ट एकदमै राम्रो र फरक जनरामा बनेकाले दर्शकले रुचाउने उनको अपेक्षा छ । हरेक नयाँ कलाकारका लागि ठुलो ब्यानर र स्थापित स्टारहरूसँग काम गर्नु सपनाजस्तै हुन्छ । यो मामिलामा कविता ‘लक्की’ देखिइन् । किनकि डेब्यु फिल्ममा नै उनले अभिनेता प्रदीप खड्कासँग स्क्रिन सेयर गर्न पाइन् । ‘प्रदीप खड्का, सुनिल थापा र विजय लामाजस्ता दिग्गज कलाकारहरूसँग स्क्रिन सेयर गर्न पाउनु मेरो लागि ठुलो उपलब्धि हो,’ कविता खुसी साट्छिन् । फिल्ममा कविताले गरेको एक्सनको अहिले निकै चर्चा छ । यो एक्सन गर्न निकै कठिन भएको हुनुपर्छ भन्ने धेरैलाई लाग्छ । तर कवितालाई त्यति गाह्रो लागेन । किनभने उनको पुरानो परिचय मार्सल आर्ट खेलाडी पनि हो । उनी उसुकी खेलाडी थिइन् । त्यही अनुभवले पर्दामा कमान्डो बन्न सहज बनाएको उनी सुनाउँछिन् । ‘फिल्मको छायांकन सोचेजस्तो सहज भने थिएन । विशेषगरी मुस्ताङको पाँच हजार मिटरभन्दा माथिको उचाइमा एक्सन दृश्यहरू खिच्नु निकै चुनौतीपूर्ण थियो’, कविता सुनाउँछिन्, ‘तल (मैदानमा) एक्सन गर्न सजिलो हुन्थ्यो, तर पाँच हजार मिटरको उचाइमा रातभर सुटिङ गर्दा लेक (अल्टिच्युड सिकनेस) लाग्ने रहेछ ।’ खेलाडी ब्याकग्राउन्डले आफूलाई कठिन पल सहजतामा परिणत गर्न सजिलो भएको उनी सुनाउँछिन् । फिल्मकै कारण सगरमाथा आरोहण कवितामा तराईमा हुर्किएकी न् । उनको पुस्तामा कसैले अहिलेसम्म पहाड चढेको छैन । तर उनले भने सगरमाथा, लोबुचे, ल्होत्से हिमाल आरोहण गरिसकेकी छन् । यो संयोग पनि फिल्म ‘एक्लो’को कारण जुरेको हो । फिल्म मुस्ताङको लोमान्थाङमा सुटिङ गर्दा र आफ्नो ‘एरियल’ क्यारेक्टरलाई गहिराइबाट बुझ्दा उनलाई हिमालले बोलाएजस्तो महसुस भयो । त्यसपछि उनले अभिनेत्री दीया पुनसँगको सल्लाहमा हिमाल आरोहण गरेकी हुन् । ‘मेरो रुममेट दीया पुन दिदी हुनुहुन्थ्यो, उहाँले सगरमाथा चढिसक्नुभएको थियो । मैले ठट्टामा दिदी मलाई हिमालले बोलाएको छ । म अब हिमाल चढ्छु भनें’, कविता सुनाउँछिन्, ‘दिदीले त्यसलाई सिरियसली लिएर सबै व्यवस्था मिलाइदिनुभयो ।’ ‘एक्लो’को सुटिङ सकिनेबित्तिकै तालिमका लागि ६ हजार मिटरको लोबुचे हिमाल चढिन् । त्यसको ६ महिनापछि संसारकै सर्वोच्च शिखर सगरमाथा र ल्होत्से हिमालको सफल आरोहण गरिन् । सगरमाथामा उनले फिल्मको एरियल क्यारेक्टरको पोस्टर पनि लिएर गएकी थिइन् । किनभने त्यही क्यारेक्टरले गर्दा उनलाई हिमाल आरोहणको इच्छा जगाएको थियो । सगरमाथाको टुप्पोमा नेपालको झण्डाका साथै ‘एक्लो’ फिल्मको एरियल क्यारेक्टरको पोस्टर समेत फहराएको उनी सुनाउँछिन् । ‘एउटा फिल्मको भूमिकाले कसरी मानिसको जीवनको लक्ष्य बदल्न सक्छ भन्ने यो एउटा उदाहरण पनि हो’ उनी भन्छिन् । आश्चर्यको कुरा के छ भने उनले सगरमाथा र ल्होत्से जस्ता दुई ठुला हिमाल केवल २४ घण्टाको अन्तरालमा आरोहण गरेर कीर्तिमान समेत राखेकी छन् । सुरुमा हिमाल आरोहणको कुरा उनले घरमा गोप्य राखेकी थिइन् । हिमाल आरोहण जोखिमपूर्ण हुने भएकाले आमाबाट त्यो अनुमति नमिल्ने उनलाई थाहा थियो । ‘जानुभन्दा एक हप्ताअगाडि चाहिँ मम्मी म यसो हिमालतिर गएर आउँछु भनेको थिएँ । अलि क्याजुअली नै, त्यस्तो सिरियस भएर चाहिँ भनेको थिइनँ’, उनी भन्छिन्, ‘अनि ल्होत्से चढ्छु भनेर चाहिँ मैले भनेकै थिइनँ मम्मीलाई, ढाँटेको थिए ।’ हिमाल आरोहण गरेको थाहा पाएपछि आमा खुसी भइन् । कविताको हिमाल आरोहण यात्रा यतिमै सकिएको छैन । दिमाग ‘रिफ्रेस’ गर्न वर्षमा एउटा सानो-सानो हिमाल अनिवार्य चढ्ने योजना बनाएकी छन् ।

**रियालिटी शोको तीतो अनुभव**

भनिन्छ, कलाकार र विवाद पर्याय नै हुन् । कविता पनि कन्ट्रोभर्सीबाट टाढा रहन पाइनन् । उनी विवादमा पर्नुको कारण हो रियालटी शो ‘रोडिज’ । जसमा उनको उपस्थिति जजको रूपमा थियो । शोमा उनले ऋतिका नामक प्रतिस्पर्धीको कपालको चुल्ठोलाई कैंचीले काटिदिएकी थिइन् । चुल्ठो काँडेतारमा अल्झिएपछि कविताले त्यसलाई काटिदिइन् । त्यो चुल्ठो काटिदिएको दृश्यपछि सामाजिक सञ्जालमा उनी तारो बनिन् । त्यही कारण मानसिक रूपमा केही विचलित बन्दा शो नै छाड्न पुगिन् । सोझो र स्पष्ट स्वभावकी आफूलाई रियालिटी शोमा हुने ‘स्क्रिप्टेड ड्रामा’ले अलि असहज बनाएको कविता बताउँछिन् । ‘म खेलाडी मान्छे, मलाई ड्रामा गर्न आउँदैन । रियालिटी शोमा देखाइने कुराहरूले गर्दा सामाजिक सञ्जालमा धेरै गाली पनि खाएँ’, उनी भावुक हुँदै भन्छिन्, ‘अब मलाई टिभी सोहरूबाट डर लाग्न थालेको छ । केही समयका लागि यस्ता सोहरूबाट टाढै बस्ने सोचेकी छु ।’ कविता आफ्नो युट्युब च्यानल मार्फत ‘फिटनेस मेनु’ जस्ता ज्ञानमूलक कार्यक्रमलाई भने निरन्तरता दिने बताउँछिन् । भन्छिन्, ‘म अब यस्तो काम गर्न चाहन्छु । जहाँ कुनै बनावटी कुरा हुनेछैन । केवल सत्य र ज्ञान हुनेछ ।’

***-रातोपाटी डटकम***

# रामपुरका महिलालाई धुप बनाउने तालिम



**पाल्पा,** पुस ८/जिल्लाको रामपुरका महिलाहरुलाई धुप बनाउने तालिम दिइएको छ । रामपुर नगरपालिकाको आर्थिक सहयोग र सिर्जना आमा समुहको आयोजना महिलाहरुलाई बटारधुप बनाउने तालिम दिइएको हो ।

रामपुर -१० का महिलाहरुका लागि ५ दिने सिपमूलक तालिम प्रदान गरिएको नगरपालिकाले जनाएको छ । उनीहरुलाई पुजाआजामा प्रयोग हुने स्थानीयस्तरमा पाईने सुकेका विभिन्न फुलबाट तयार गर्न सकिने बटारे धुप बनाउने सिप सिकाइएको हो । ५ दिनसम्म चलेको तालिमको एक औपचारिक कार्यक्रमकाबिच समापन गरिएको छ । तालिमको नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले समापन गरेकी हुन् । कार्यक्रममा बोल्दै उनले महिलाहरुलाई अर्थोपार्जन गरि आत्मनिर्भर बनानउका लागि नगरपालिकाले विभिन्न सिपमूलक तालिम सञ्चालन गर्दै आएको बताइन् । उनले महिलाहरुको माग र आवश्यकता अनुसार समय सुहाउँदो व्यवहारिक कार्यक्रममा जोड दिँदै आएको उल्लेख गरिन् । उपप्रमुख थापाले महिलाहरुको सिक्ने र कमाउने चहानालाई पुरा गर्नका लागि आयआर्जनमूलक तालिमहरु सञ्चालन गर्दै आएको बताइन् । तालिमबाट सिकेको सिपको माध्यमबाट उत्पादित बस्तुको बजारीकरणको व्यवस्था उपप्रमुख कोशेली घर मार्फत रामपुर नगरपालिकाले गर्दै आएको उनले बताइन् । साथै उनले तालिममा सिकेका सिपको माध्यमबाट उद्यमी बनी आयआर्जन गर्न समेत महिलाहरुलाई आग्रह गरिन् । वडा सदस्य पिताम्बर ओस्तीले सिकेको सिपलाई लगनशिलताका साथ निरन्तर प्रयोग गर्न आग्रह गरे । तालिमका प्रशिक्षक मञ्जु अधिकारीले उत्पादन गरी धुप खोज्न बजार तथा पसलमा नभई गाउँघरमा आउने वातावरण बनाउने गरि काम गर्नुपर्नेमा जोड दिइन् । यस्तै दुर्गादेवि भण्डारीले आफ्नै गाउँठाउँमा भएका कच्चा पदार्थको विभिन्न सुकेका फुलको उपयोग गरी बटारे धुप उत्पादन गर्नु पर्ने बताइन् । समाजसेवी पार्वती न्यौपानेले तालिममा सिकेका सिपलाई व्यवहारमा उतारी तालिमको औचित्य पुरा गर्न आग्रह गरिन् । तालिममा सहभागी बिमला ओस्ती, विद्या अर्याल र शोभा भण्डारीले तालिममा सिकेका कुरा मेहेनतका साथ व्यवहारमा लागु गर्ने प्रतिबद्धता व्यक्त गर्दै तालिम सञ्चालन गरेकोमा रामपुर नगरपालिकालाई धन्यवाद ज्ञापन गरेका थिए । ६० जना महिलाहरुको सहभागिता रहेको तालिमको सहजिकरण मञ्जु अधिकारीले गरेकी थिइन् । समूहका अध्यक्ष सावित्रा अधिकारीको अध्यक्षाता, समृद्धि तिमिल्सिनाको स्वागत, दिपा तिमिल्सिनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### वेस्ट इन्डिजसँग न्युजिल्यान्डले जित्यो



**काठमाडौं,** पुस ८/वेस्ट इन्डिजसँगको तीन खेलको टेस्ट क्रिकेट शृङ्खला घरेलु टोली न्युजिल्यान्डले २-० ले जितेको छ । तेस्रो टेस्टमा न्युजिल्यान्डले दिएको ४ सय ६२ रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले पाँचौं दिनको चिया समयपछि १ सय ३८ रन बनाउँदा सबै विकेट गुमायो । न्युजिल्यान्डले दोस्रो पारीमा २ विकेट गुमाएर ३ सय ६ रन बनाउँदै पारी समाप्तिको घोषणा गरेको थियो । यसअघि बे ओभलमा टस जितेर ब्याटिङ गरेको न्युजिल्यान्डले पहिलो पारीमा ८ विकेट गुमाएर ५ सय ७५ रन बनाउँदै पारी समाप्तिको घोषणा गरेको थियो । यस्तै वेस्ट इन्डिजले पहिलो पारीमा ४ सय २० रन बनाएको थियो । पहिलो टेस्ट बराबरीमा सकिएको थियो भने दोस्रो टेस्ट न्युजिल्यान्डले ९ विकेटले जितेको थियो । यसअघि भएको पाँच खेलको टी-२० र तीन खेलको एकदिवसीय शङरखला पनि न्युजिल्यान्डले जितेको थियो ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८२/०९/९*

साविक **ऋषिकेश मिडिया प्रा.लि.** (द.नं.१३१७८०) को मिति २०८२/०७/२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय पश्चात् कम्पनीको नाममा रहेको सम्पुर्ण सम्पत्ति तथा दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने, ब्यहोर्ने शर्तमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०८/१९ को निर्णयानुसार साविक कम्पनीबाट **मोती मिडिया प्रा.लि.** कायम हुने गरी नाम परिवर्तन भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा सामान्य अङ्कको सुधार



**पाल्पा,** पुस ८/सेयर कारोबार मापक नेप्से परिसूचक सामान्य अंकले बढेर बन्द भएको छ । मंगलबार नेप्से एक दशमलव शून्य दुई अंकले बढेको हो ।

पछिल्लो तीन दिन कारोबार निरन्तर घटेको नेप्से मंगलबार भने सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक तीन दशमलव २७ अङ्कले बढेर दुई हजार ५ सय ८४ दशमलव ४९ को बिन्दुमा कायम भएको हो । ३ सय २८ कम्पनीको ७६ लाख ६८ हजार ९ सय १५ कित्ता शेयर ९२ हजार ७ सय ४६ पटक खरिदबिक्री हुँदा रू तीन अर्ब ४२ करोड ९८ लाख ९३ हजार ९ सय ४२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव १०, वित्त शून्य दशमलव २०, होटल तथा पर्यटन, शून्य दशमलव १०, जलविद्युत् शून्य दशमलव २९, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, लघुवित्त शून्य दशमलव १७ र अन्य समूह एक दशमलव २८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव १६, लगानी शून्य दशमलव ३४, जीवन बीमा शून्य दशमलव ७९, म्युचुअल फन्ड शून्य दशमलव ११ र निर्जीवन बीमा शून्य दशमलव १६ प्रतिशतले घटेको हो । एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै सात दशमलव ०१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ९७ प्रतिशतले घटेको छ । विकास बैंक, लगानी, जीवन बिमा, सामूहिक लगानी कोष, निर्जीवन बिमा र व्यापार उपसमूह घट्यो । बैंकिङ, फाइनान्स, होटल तथा पर्यटन, उत्पादन तथा प्रशोधनलगायत उपसमूह बढ्यो ।

# बुटवल–गोरुसिङ्गे सडक...

...२५ किमीको खण्डमा ६७ वटा ‘बक्स कल्भर्ट’मध्ये ३७ वटाको निर्माण अन्तिम चरणमा पुगेको, दुईवटा ‘एनिमल क्रसिङ’ लगभग सम्पन्न भइसकेको, १२ वटा ठूला पुलमध्ये अधिकांशमा पाइलिङसहितको काम अन्तिम चरणमा पुगेको र छ वटा बक्स ब्रिजमध्ये दुई स्थानमा निर्माण भइरहेको आयोजना कार्यालयका प्रमुख इन्जिनियर कुशलता न्यौपानेले जानकारी दिए । सो खण्डमा आवश्यक १९ हजार प्रिकास्ट नाली निर्माण पूरा भइसकेको छ । पाँच वटा ‘भेहिकल अण्डरपास’ को काम सुरु भइसकेको छ । यस भागअन्तर्गतको सडक खण्डमा हालसम्म करिब १७ प्रतिशत भौतिक प्रगति भएको जनाइएको छ ।

**कोठी नदी-बेल नदी खण्ड**

कोठी नदीदेखि कपिलवस्तुको इमिलिया नजिकैको बेल नदीसम्मको सडकखण्डलाई आयोजनाको दोस्रो भाग मानेर काम भइरहेको छ । यहाँ पनि सामग्री अभाव उस्तै छ । यद्यपि पहिलो भागमा भन्दा केही सहज छ । यो खण्डमा मात्रै छ लाख २० हजार घन मिटर माटो आवश्यक भएकामा हालसम्म तीन लाख घन मिटर प्राप्त भएको छ । जुन बुद्धभूमि नगरपालिका र अर्घाखाँचीको शीतगङ्गा नगरपालिकाबाट आपूर्ति भइरहेको छ । नदीजन्य सामाग्रीतर्फ पाँच लाख घन मिटर आवश्यक भए पनि हालसम्म ९० हजार घन मिटर मात्रै उपलब्ध भएको छ । यो खण्डमा ६६ वटा बक्स कल्भर्टमध्ये २६ वटा, १६ वटा एनिमल क्रसिङमध्ये १३ वटा, ठूला आठ पुलमध्ये छ वटा अन्तिम चरणमा पुगेका छन् । दुई वटा बक्स ब्रिजमध्ये एउटामा निर्माण भइरहेको छ । यहाँको १३ किलोमिटर क्षेत्रमा माटो भर्ने काम जारी छभने ‘प्रिकास्ट नाली’ निर्माण ८० प्रतिशत सम्पन्न भएको छ । यो खण्डमा हालसम्म करिब १९ प्रतिशत भौतिक र १४ प्रतिशत वित्तीय प्रगति भएको इन्जिनियर पौडेलको भनाइ छ । चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवन निर्माण सेवाले कूल रु १३ अर्ब ५५ करोड ९५ लाख ९६ हजार मा सडक स्तरोन्नति गत माघदेखि गरिरहेको छ । दोस्रो चरणमा बेल नदीदेखि चन्द्रौटासम्म १९ किलोमिटर दूरीको खण्डमा नयाँ ठेक्काको प्रक्रिया चलिरहेको छ । पूर्व-पश्चिम राजमार्गलाई एसियाली स्तरको बनाउने गरी नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यसअघि नै सडकलाई विकास सहायता कार्यान्वयन महाशाखाअन्तर्गत समावेश गरी सडक विभाग, बुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक योजना कार्यालय बुटवलमा स्थापना गरेर काम गरिरहेको छ । विश्व बैंकले ६९ किलोमिटर लामो सडक स्तरोन्नतिका लागि २७ करोड ५० लाख डलर (नेपाली ३५ अर्ब रुपैयाँ) उपलब्ध गराउने सम्झौता भएसँगै राजमार्गको स्तरोन्नति सुरु भएको हो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई